# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग

## बालुवाटार, काठमाण्डौं

## घर बहालमा लिनको लागि प्रस्ताव आव्हान गरिएको सूचना

## (प्रथम पटक प्रकाशित मिति २०७५/०९/१३)

यस बैंकको केन्द्रीय कार्यालय पुननिर्माणको क्रममा बालुवाटार परिसरबाट केही विभागहरु स्थानान्तरण गर्न आवश्यक भएकाले नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (तेस्रो संसोधन समेत) को विनियम ९०(१) अनुसार घर बहालमा दिन इँच्छुक व्यक्ति/फर्म/कम्पनी/सरकारी/गैर सरकारी/संघ/संस्थाहरुबाट निम्न विवरणहरु सहित प्रस्ताव पेश गर्न आव्हान गरिएको छ ।

(क) प्रस्ताव पेश गर्नुपर्ने विभागको नाम र ठेगाना : नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटार, काठमाण्डौ ।

(ख) बहालमा लिन खोजेको घर आवश्यक भएको क्षेत्र वा स्थान : बैंकको केन्द्रीय कार्यालय बालुवाटार परिसरको वरिपरी १ किलोमिटर परिधिमा अवस्थित ।

ग) बहालमा लिन खोजेको घरको प्रकृति, क्षेत्रफल र अन्य आवश्यक विवरणहरु देहाय बमोजिम हुनु पर्नेछ ।

१. आर सि.सि स्ट्रक्चर सहितको बहुतले हुनुपर्ने र बैंकको आवश्यता अनुसार साजसज्जा र कम्तिमा १२० जनाको लागि कार्यस्थल सहित उपयुक्त फर्निसिङ्ग गरेर कार्य बातावरण तयार गरी ४ महिनामा हस्तान्तरण दिनु पर्ने ।

२. भाडामा दिने घरमा १० हजार बर्ग फिट ( ± २०% क्षेत्रफल) कार्यक्षेत्र (कार्पेट एरिया) सहित खुला लवि र कोरिडोर उपलब्ध हुनुपर्ने ।

३. कम्तीमा २० वटा कार/जीप र १०० वटा मोटरसाइकल पार्किङ्ग गर्न सकिने पार्किङ्ग एरिया भएको ।

४. कालो पत्रे सडकसँग जोडिएको ।

५. घर र जग्गा घेर्ने गरि आफ्नै सुरक्षित कम्पाउण्ड वाल भएको ।

६. विजुली , ढल निकास र खानेपानी लगायतका पूर्वाधारको यथोचित प्रवन्ध भएको ।

(घ) प्रस्ताव पेश गर्ने तरिका र त्यस्तो प्रस्तावका साथ पेश गर्नु पर्ने न्यूनतम विवरणः यस बैंकबाट जारी हुने Request for Proposal (RFP) बमोजिम रितपूर्वक भरी पेश गर्नु पर्ने छ । त्यस्तो प्रस्तावका साथ निम्नानुसारको कागजातहरुको छविचित्र पेश गर्नु पर्नेछ । RFP यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटर काठमाण्डौमा निशुल्क उपलब्ध हुनेछ ।

१. जग्गाको लालपूर्जा,

२. जग्गाको ट्रेस नक्सा

३. सम्वन्धित निकायबाट घरको नक्सा पास गरेको स्वीकृति,

४. घर निर्माण सम्पन्न प्रमाण पत्र/घर निर्माण सम्पन्न भएको तर सम्पन्न प्रमाण पत्र लिन बाँकी भए प्रमाण पत्र लिनका लागि अवधि बाँकि रहेको खुल्ने कागजात ।

५. घरको नक्सा

(ङ) प्रस्ताव दाखिला गर्ने स्थान र अन्तिम मितिः नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटार, काठमाण्डौ । पेश गर्ने अन्तिम मिति सूचना प्रकाशित मितिले १५ दिनको हुनेछ । (अन्तिम मिति २०७५/०९/२९)

(च) बहाल भुक्तानीका शर्तहरु र कर कट्टीको विषयः घर बहाल प्रदान गर्ने घरधनीको बैंक खातामा जम्मा हुने गरि एकाउण्ट पेयी चेक मार्फत भुक्तानी गरिनेछ । नेपालको प्रचलित कानुन अनुसार कर कट्टी गरि भुक्तानी दिइनेछ ।

(छ) अन्य विषयहरु

१. स्थानीय निकायलाई बुझाउनु पर्ने कर, घर कर, शुल्क, तथा मालपोत, र फोहर व्यवस्थापन शुल्क जस्ता दायित्व घर बहालमा दिनेले व्यहोर्नु पर्नेछ ।

२. प्रारम्भमा कम्तिमा २ बर्षको लागि भाडाको संझौता गरिनेछ । घरधनी तथा यस बैंकको आपसी सहमतिमा थप समयको लागि संझौता नवीकरण गर्न सकिनेछ ।